स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रेखा थापाले निर्माण गर्न लागेको फिल्म 'उपहार' सुटिङमा जानुअघि नै विवादमा तानिएको छ । निर्माण टिमले फिल्मका कलाकार फाइनल गर्दै सुटिङको तयारी गरिरहँदा कथाकार सुलक्षण भारतीले आपत्ति जनाएका छन् । उनले प्रस्तुतकर्ता रेखा थापा र निर्देशक ज्ञानेन्द्र देउजाप्रति आफ्नो आपत्ति रहेको फेसबुकमा उल्लेख गरेका छन् । 'उपहार' फिल्ममा रेखा र पूजा शर्माको शीर्ष भूमिका रहनेछ ।

**आजको विचार...**



सन्तोष पौडेल

वैश्विक...
(दुई पेजमा)



गायिका एलिना चौहानले पछिल्लो समय दिएको एक अन्तवार्ताका क्लिपहरु टिकटकमा भाइरल भएका छन् । उक्त अन्तवार्ताका क्रममा एलिनाको आँखाबाट आँसु झरेको देखिन्छ । उनी भावुक देखिएकी छन् । सोही क्लिपलाई लिएर उनका फ्यान एवं प्रशंसकहरुले उनलाई हरेस नखान र बलियो हुन सुझाव दिएका छन् । प्रशंसकले देखाएको मायाप्रति आफू नतमस्तक भएको एलिनाले बताएकी छन् । सामाजिक सञ्जालमा खुला पत्र लेख्दै उनले प्रशंसकप्रति आभार प्रकट गरेकी छन् । उनले विगतका संघर्षका कुरा गर्दा कमजोर नसम्झन पनि आग्रह गरेकी छन् ।

❑ वर्ष २९ ❑ अंक २३ ❑ २०८० साउन २३ गते मंगलबार 8 August 2023, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**सक्षिप्त समाचार**

## रेल दुर्घटना : मत्युको संख्या ३०

**रासस/सिन्ह्वा**

**इस्लामावाद,** साउन २२/ पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तमा आइतबार एक यात्रुवाहक रेल दुर्घटनामा परी मृत्यु हुने व्यक्तिको संख्या कम्तीमा ३० पुगेको पाकिस्तानी प्रहरीले बताएको छ ।

प्रहरीका अनुसार आइतबार रेलका कम्तीमा १० वटा डिब्बा लिकबाट खस्दा भएको उक्त दुर्घटनामा कम्तीमा १०० भन्दा बढी घाइते भएका छन् । सिन्धप्रान्तका मुख्यमन्त्री सैयद मुराद अली शाहले नौवटा डिब्बालाई खाली गरिएको र बाँकी डिब्बाका यात्रुको उद्धार कार्य जारी रहेको जानकारी दिए । उनले गम्भीर घाइतेलाई थप उपचारका लागि दक्षिणी बन्दरगाह शहर कराँची पुऱ्याइएको बताए । कराँचीबाट देशको उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्ततर्फ जाँदै गरेको रेल नहरको पुल पार गर्ने क्रममा १६ देखि १७ वटा डिब्बा रहेको हजारा एक्सप्रेस रेल लिकबाट तल खसेको थियो । रेलमन्त्री ख्वाजा साद रफिकले अधिकारीहरूले घटनाको अनुसन्धान गरिरहेको र रेलमा 'आक्रमण' पछि दुर्घटना भएको हुनसक्ने सम्भावनालाई इन्कार गर्न सकिने बताएका छन् ।

# रकम नपाएपछि मिसनले रोक्यो बिमा उपचार

**●हजारौं बिमित मर्कामा ●नियमसंगत दाबी नगर्दा भुक्तानीमा ढिलाई ●राजनीतिक दल र सांसदको आपत्ति**

**रामचन्द्र रायमाझी/कृष्ण पोखरेल**

**पाल्पा,** साउन २२/सरकारले भुक्तानी नदिएपछि तानसेनको युनाइटेड मिसन अस्पतालले स्वास्थ्य बिमा कार्यक्रम स्थागित गरेको छ । लामो समयदेखि बीमितको उपचार गरेवापतको रकम भुक्तानी नपाएपछि अस्पतालले आइतबारदेखि स्वास्थ्य बिमा कार्यक्रम रोकेको हो ।

बिरामीको भिडभाड हुने मिसन अस्पतालले यस अघि नै सूचना जारी गर्दै साउन २१ गतेदेखि बिमा उपचार सेवा गर्ने जानकारी दिएको थियो । बोर्डले सम्झौता अनुरुप काम नगरेको र समयमै भुक्तानी नदिएकाले सेवा नै बन्द गर्नुपर्ने अवस्था आएको अस्पतालले जनाएको छ । स्वास्थ्य बिमा बोर्डले अस्पताललाई करिब १४ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी छ । अस्पतालले सेवा स्थगित गरेपछि सेवा लिन आउने हजारौं बिमित सेवाबाट बञ्चित भएका छन् । नागरिक सेवाबाट बञ्चित मात्रै भएका छैनन्, स्वास्थ्य बिमा कार्यक्रम नै अलपत्र पर्ने जोखिम बढेको छ । स्वास्थ्य बिमा गरेका नागरिकको उपचार गरेवापतको




रकम अस्पतालले दाबी गरेपछि स्वास्थ्य बिमा बोर्डले अस्पताललाई भुक्तानी गर्नुपर्छ, तर भुक्तानी नपाएपछि मिसन जस्ता ठूला अस्पतालहरुले सेवा बन्द गर्दा कार्यक्रम नै अलपत्र पर्ने जोखिम बढेको हो । अस्पतालले २०७४ वैशाखदेखि स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्दै आएकोमा स्वास्थ्य बीमा बोर्डले हालसम्म पनि नियमित तथा समयमै भुक्तानी नदिएको, विना कारण दाविहरु अस्विकृत गर्ने गरेको, बोर्डको दररेट अस्पतालको दररेट भन्दा धेरै कम हुँदा अस्पताल सञ्चालनमा समस्या आएकाले बिमा उपचारको सेवा स्थगित गर्नुपरेको अस्पतालकी निर्देशक डा.रचेल कारखले बताइन् । उनका अनुसार हालसम्मको बक्यौता रकमको भुक्तानीको साथै समय अनुसारको औषधी उपचारको मूल्य संमायोजन नहुँदा सम्म बिमा उपचार सेवा स्थगित गरिएको हो । रकम नपाउँदा अस्पतालमा कार्यरत चिकित्सकसहित स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई मासिक तलब खुवाउन,औषधी खरीद गर्न तथा उपचारका उपकरणहरु किन्न समस्या भएको निर्देशक कारखले बताइन् । अस्पतालले जेठ मसान्तसम्मको १९ करोड बिमा बोर्डबाट बक्यौता रकम लिन बाँकी रहेकोमा ५ करोड मात्र असारको अन्तिममा भुक्तानी भएको थियो । जसमा २ करोड भुक्तानी नहुँने गरी अस्विकृत भएको छ । साउन २१ गतेसम्म करिब १४ करोड रकम अझै बाँकी रहेको अस्पतालका प्रशासकिय अधिकृत जीवन भट्टराईले बताए । सरकारी अस्पताल र मेडिकल कलेजहरुको भन्दा मिसन फरक प्रकृतिको अस्पताल भएको र उपचार सेवाबाट नै संस्था सञ्चालन हुनुपर्ने अवस्थामा लामो समयसम्म रकम रोकिदा समस्या भएपछि बाध्य भएर सेवा बन्द गर्नुपरेको उनको भनाई छ ।

**नियमसंगत दाबी नगर्दा भुक्तानीमा ढिलाई**

मिसन अस्पतालले नियमसंगत रकम दाबी नगर्दा भुक्तानीमा ढिलाई भएको स्वास्थ्य बिमा बोर्डले जनाएको छ । बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौलाले अस्पतालले नियमसंगत र सम्झौता विपरीत भुक्तानी दाबी गरेपछि केही ढिला भएको बताए । उनले भने 'हामीले नियमसंगत कागजी प्रक्रिया पुरा गरेका अस्पतालहरुलाई हरेक महिनामा रकम पठाउने गरेका छौं, मिसन अस्पतालले केही वर्ष अघि दाबी रकम बिगारेर पठाउँदा त्यो मिलाउँदा सम्मको लागि भुक्तानी रोकेका थियौं, तर पछि कागजी प्रमाण मिलाएर आएपछि हामी भुक्तानी गरेको हौं, त्यसबेला ग्यापिङ्ग हुँदा केही रकम बक्यौंता रहेको हो ।' भदौं पहिलो हप्तामा ५/७ करोड पठाउने गरी काम भएको निर्देशक बसौलाले बताए । बिमा बोर्डले रकम पठाउने भन्दा भन्दै अस्पतालले सेवा रोक्नु दुखद् भएको उनको भनाई छ ।

**सेवा स्थगनले बिमित मर्कामा**

स्वास्थ्य बिमामार्फत उपचारको लागि पाल्पा, गुल्मी, स्याङ्जा, रुपन्देहीबाट मासिक ७ हजारदेखि दश हजार विरामीहरु मिसन अस्पतालमा आउने गरेका छन् । सेवा स्थगित भएसँगै उनीहरु मर्कामा परेका छन् । सरकारले बिमामार्फत हुने उपचार सेवा सजिलो, सर्वसुलभ बनाउनुपर्ने तानसेनका जयराम सापकोटाले बताए । सञ्चारमाध्यमहरुमा स्वास्थ्य बिमा गर्न भन्दै प्रचार-प्रसार हुँदै आएको छ तर उपचार दिने संस्थाहरुले भने सेवा बन्द गर्दै जानु दुखद् भएको उनको भनाई छ । सरकारले तत्काल बिमा उपचारको सेवा नमिलाए बिमितहरु आन्दोलनमा उत्रिने बिमित घनश्याम भट्टराईले बताए । गत बर्ष श्रावण महिनादेखि लुम्बिनी मेडिकल कलेजले स्वास्थ्य बिमा उपचार सेवा बन्द गरेको थियो । स्वास्थ्य बिमाकर्ता दिनहुँ बढिरहँदा सेवा दिने संस्थाहरुले भने सरकारले रकम नदिएको भन्दै सेवा बन्द गरिरहेका छन् ।

**राजनीतिक दल र सांसदको आपत्ति**

पाल्पाका राजनीतिक दल, जनप्रतिनिधिहरुको बिमा बोर्ड र अस्पतालसँग बसेर छलफल गरे पनि त्यो सफल हुन सकेन । मिसन अस्पतालले आफुहरुको माग सम्बोधन नभएसम्म सेवा स्थगित गर्ने अडान राखेपछि राजनीति दल, जनप्रतिनिधि र अस्पतालबिच आरोप-प्रत्यारोप सुरु भएको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

## सर्पको टोकाईबाट बचौं

- घर वरिपरी सफा राखौं, प्वालहरु टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# पालपामा डेंगीबाट एक महिलाको मृत्यु

## ४८ जनामा संक्रमण

**पाल्पा,** साउन २२/डेंगी संक्रमणबाट पाल्पामा एक महिलाको मृत्यु भएको छ । स्वास्थ्य कार्यालयका ल्याव टेक्निसियन मधुसुधन भट्टराईका अनुसार तानसेन नगरपालिका-६, बर्तुङकी ६९ वर्षीया महिलाको डेंगीबाट मृत्यु भएको हो ।

उनको तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा उपचारका क्रममा आइतबार बेलुका मृत्यु भएको जनाइएको छ । ति महिलामा साउन १६ गते डेंगु संक्रमण पुष्टी भएको थियो । संक्रमण भए पनि उनी सामन्य उपचार गरी घरमै आराम गर्दै आएकी थिइन् । समस्या बढ्दै गएपछि मात्र उनी आइतबार अस्पताल पुगेकी



थिएन् । पाल्पामा डेंगीबाट ४८ जना संक्रमित भइसकेको ल्याव टेक्निसियन भट्टराईले जानकारी दिए । उनका अनुसार यो गत पुस १७ गतेदेखिको तथ्याङ्क हो । तानसेनका युनाइटेड मिसन, पाल्पा अस्पताल, लुम्बिनी मेडिकल कलेज लगातयमा रगत परीक्षण गराउँदा ४८ जनामा डेंगी देखिएको थियो । एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने डेंगी संक्रमण पछिल्लो समय बढ्दै गएको छ । तीन महिनाअघि फाट्टफुट देखिन थालेको डेंगीको संक्रमण पछिल्लो समय तीव्ररुपमा फैलिएको हो । डेंगी हुँदा अत्यधिक ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी र जोर्नी दुख्नेलगायतका समस्या देखिने बित्तिकै चिकित्सकको सल्लाह लिन जिल्ला जनस्वास्थ्य कार्यालयले सबैलाई आग्रह गरेको छ ।

**के हो डेंगी ?**

डेंगी एडिज लामखुट्टेले टोकेका कारण निम्तिने रोग हो ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## धान उत्पादन बढाऔं

सरकारले कृषि उत्पादन बढाएर खाद्यान्नमा आत्मनिर्भर बन्ने योजना बनाइरहँदा धान उत्पादन भने घट्दै गएको छ । अघिल्लो वर्षहरुको तुलनामा यस वर्ष भने धान उत्पादन झन घट्ने अनुमान गरिएको छ । साउनको मध्य हुँदा मुलुकभर धान रोपाइँ ७७ प्रतिशत मात्र भएको छ । त्यसमा पनि अन्नको भण्डारण मानिने मधेस प्रदेशमा ५९ प्रतिशतमात्र रोपाइँ भएको छ । अन्य प्रदेशमा ९५ प्रतिशतसम्म रोपाइँ हुँदा मधेसमा ५९ प्रतिशत मात्र हुनु मुलुकका लागि दुर्भाग्य हो । धेरै धान उत्पादन हुने क्षेत्रमा नै रोपाइँ कम भएपछि आगामी वर्ष चामल अभाव हुने त होइन भन्ने शंका उत्पन्न हुनु स्वाभाविकै हो । सरकारले धान खेतीका लागि सिँचाइको उचित प्रबन्ध गर्न नसकेका कारण यस्तो अवस्था आएको हो । रोपाइँ कम हुँदा धान उत्पादन स्वतः घट्न पुग्दछ । धान उत्पादन घट्दा चामल आयातमा वृद्धि हुने निश्चित छ । विगतमा पनि धान उत्पादन घट्न जाँदा चामल आयात बढेको थियो । गुल्मीमा धान उत्पादन घट्दै जाँदा चामल आयात बढेको छ । यहाँ वार्षिक सात करोडभन्दा बढीको चामल आयात हुने गरेको छ ।

यस्तै समस्या देशभर नै छ । किसानलाई उन्नत जातको धानको बिउ, आवश्यक परेका बेला रासायनिक मल, सिँचाइ सुविधा, धान रोप्न मेसिन औजार आदिको व्यवस्था गर्न नसक्दा समेत धान उत्पादन वृद्धि हुन सकेको छैन । धानको उत्पादन र उत्पादकत्व घट्दा र उपभोग बढ्दा चामलमा बाहिरको भर पर्नुपरेको हो । सरकार र राजनीतिक नेतृत्वले कृषि आत्मनिर्भरताको नारा दिए पनि व्यवहारमा त्यस्तो देखिएको छैन । जलस्रोतमा धनी मुलुक कृषिमा आकाशे पानीमा निर्भर छ । जबकि मुलुकका प्रत्येक भागमा ठूलाठूला नदीनाला छन् । ति नदीबाट सिँचाइको व्यवस्था गर्न सके कृषिका लागि किसान आकाशे पानीमा निर्भर हुनु पर्ने थिएन तर, त्यो हुन सकेको छैन । यो अत्यन्त दुःखको कुरा हो । प्रत्येक वर्ष सिँचाइ आयोजनाका नाममा अर्बौं रुपैयाँ बजेट विनियोजन हुँदै आएको छ । त्यो बजेट कहाँ खर्च भइरहेको छ र त्यसको उपलब्धि कति भएको छ ? यसको कुनै हिसाब किताब नै छैन् । हरेक वर्ष ठूलो परिमाणमा चामल आयात गर्नु परेको छ । आयात रोक्ने कुरामा सरकारले कुनै कदम चाल्न सकेको छैन । स्वदेशमै धान उत्पादन बढाएर चामलको आयात रोक्न सकिने भएपनि सरकारले त्यसतर्फ ध्यान नै दिएको छैन । अब सरकारले धानको उत्पादकत्व बढाएर चामल आयात रोक्ने दिशामा भने सोच्न जरुरी छ ।

## Opinion @ Social Network

पुस्तकको आवरण हेरेर भित्री ज्ञान लिन सकिदैन ।
पुस्तक पढ्नै पर्ने हुन्छ । अनि मात्र मूल्याङ्कन गरिनुपर्छ ।
(**मिला दराईको फेसबुक स्टाटस** *https://www.facebook.com/Mila K Darai* )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वैश्विक समस्याको स्थानीय प्रभाव ?



सन्तोष पौडेल

*पछिल्लो तथ्याङ्क अनुसार नेपालको प्रजनन दर १.४८ प्रतिशत प्रति महिला रहेको छ जबकि सन्तुलन कायम राख्नको निम्ति २.१० प्रतिशत हुनु आवश्यक छ । यसैमा विकसित मुलुकले आप्रवासी भित्र्याउने क्रम बढाइरहँदा नेपालको अर्थतन्त्र बुम हुने बेलामा सोही कारणले मन्दीतर्फ जान सक्ने अवस्था सिर्जना हुँदैछ । छिमेकी देश भारत र चीन सोही जनसांख्यकीय लाभका कारण विश्वको पहिलो र दोस्रो अर्थतन्त्र बन्ने क्रममा छन् । रेमिटेन्स प्रवाह र सेवा क्षेत्रले धानेको अर्थतन्त्रलाई उत्पादनतर्फ डाइभरसिफाई (विविधीकरण) गर्न नसक्दा नयाँ पुस्ता तेस्रो मुलुकतर्फ पलायन हुँदैछ । पुरानो नेतृत्वलाई अझै पनि ठिकठाक चलिरहेको छ भन्ने छ वास्तविक इस्सू (मुद्दा) के हो भन्नेसम्म ख्याल छैन । आज जसरी पहाडका गाउँ रित्तिदै छन् त्यसरी भोलि शहर पनि रित्तिदै जानेछ जसले गर्दा रियल स्टेटको मार्केट अझै खुम्चिदै जाने स्थिति छ । अहिलेको आर्थिक संकुचन कोभिड, युक्रेन वार या डलर सञ्चितिसँग मात्रै सम्बन्धित छैन । यहाँ हाम्रो नेतृत्वलाई जनसंख्या भनेको बजार हो, जनसंख्या घट्दा बजार घट्छ भन्नेसम्म ख्याल नभएको प्रतीत हुन्छ । राज्यको गलत शिक्षा नीतिका कारण नयाँ पुस्तामा आफ्नो संस्कृतिप्रति आत्मविश्वास छैन, जुन कुरा व्यक्तिसँगै समाजको विकासका निम्ति अपरिहार्य छ ।*

जनसंख्या वृद्धिलाई हामी केवल समस्याको रूपमा बुझ्दै आएका छौं । हामीलाई विद्यालयस्तरमा यसैगरी पढाइयो पनि । हाम्रा पाठ्यक्रमले बढ्दो जनसंख्यालाई समस्त समस्याको जड सरह अर्थ्यायो पनि । तर अबका दशक यसको विपरीत हुँदैछ । अब भने घट्दो जनसंख्या विश्वका अधिकांश विकसित देशहरूमा भने समस्या बन्दै गएको तथ्य छ । अर्थतन्त्रसँग जनसंख्याको प्रत्यक्ष सम्बन्ध हुन्छ । चाहे त्यो उत्पादक शक्ति अर्थात् मजदुरको रूपमा होस् वा बजारकै रूपमा किन नहोस् । सामान्यतः जनसंख्या भन्नु नै बजार हो । बजार घटेसँगै अर्थतन्त्र घट्छ । बढेसँगै बढ्छ । दक्षिणएशियाका भारत, बङ्गलादेश, पाकिस्तान र अफ्रिकी मुलुकमा जनसंख्या बढ्ने देखिएता पनि विकसित देशमा नयाँ जन्मने मानिसको संख्या घट्दो छ भने सोही अवधिमा मृत्यु हुनेको संख्या बढी छ । बजार जोगाइराख्न र भएका उद्योग, व्यवसाय, सेवा क्षेत्र धान्न पनि उनीहरूको लागि बाहिरबाट मान्छे ल्याउनु अति आवश्यक देखिन्छ । घट्दो जनसंख्याले अर्थतन्त्रलाई स्टाग्नेसन (स्थिरता) तर्फ लिएर जान्छ । रियल स्टेट कारोबारमा त सोझै गिरावट ल्याउँछ । अर्थात् क्रेताको संख्या कम हुँदै जान्छ । युरोपका अधिकांश रोमानिया, ग्रीस, हङ्गेरी जस्ता विकसित कहलिएका देशहरूमा जनसंख्या अहिले १०-१५ प्रतिशतसम्म ह्रास आएको तथ्याङ्क छ । जापान जस्ता देशले समेत यस्तो प्रकारको समस्या भोगिरहेका छन् । सन् २०२३ मा क्यानाडामा प्रति हजार व्यक्तिमा जम्मा १० जना नयाँ बच्चा जन्मिने प्रक्षेपण गरिएको छ । सोही कारण क्यानाडाले सन् २०२४ सम्ममा १० लाख आप्रवासी भित्र्याउने निर्णय गरेको छ । अबका दिनमा यस्तै प्रकारको निर्णय अन्य देशले पनि गर्दै जानेमा कुनै शंका नै छैन ।

विकसित देशमा जनसंख्या वृद्धि ऋणात्मक हुँदा हाम्रो जस्तो विकासोन्मुख, राजनीतिक अस्थिरताले गिजोलिएको देशलाई कस्तो असर गर्ला त ? आउनुहोस् त्यो बारेमा चर्चा गरौं । हामीले स्कुलदेखि नै जनसंख्या नियन्त्रणका बारेमा पढ्दै आयौं तर हामीले कहिल्यै अर्थतन्त्र र जनसंख्याको सम्बन्धका बारेमा पढ्यौं ? या हामीलाई पढाइएन ? यसले दीर्घकालमा अर्थतन्त्रमा के कस्तो प्रभाव पार्छ भन्ने कुरा व्यापक रूपमा पढाइनुपर्थ्यो तर त्यसो गरिएन । पछिल्लो तथ्याङ्क अनुसार नेपालको प्रजनन दर १.४८ प्रतिशत प्रति महिला रहेको छ जबकि सन्तुलन कायम राख्नको निम्ति २.१० प्रतिशत हुनु आवश्यक छ । यसैमा विकसित मुलुकले आप्रवासी भित्र्याउने क्रम बढाइरहँदा नेपालको अर्थतन्त्र बुम हुने बेलामा सोही कारणले मन्दीतर्फ जान सक्ने अवस्था सिर्जना हुँदैछ । छिमेकी देश भारत र चीन सोही जनसांख्यकीय लाभका कारण विश्वको पहिलो र दोस्रो अर्थतन्त्र बन्ने क्रममा छन् । रेमिटेन्स प्रवाह र सेवा क्षेत्रले धानेको अर्थतन्त्रलाई उत्पादनतर्फ डाइभरसिफाई (विविधीकरण) गर्न नसक्दा नयाँ पुस्ता तेस्रो मुलुकतर्फ पलायन हुँदैछ । पुरानो नेतृत्वलाई अझै पनि ठिकठाक चलिरहेको छ भन्ने छ वास्तविक इस्सू (मुद्दा) के हो भन्नेसम्म ख्याल छैन । आज जसरी पहाडका गाउँ रित्तिंदै छन् त्यसरी भोलि शहर पनि रित्तिंदै जानेछ जसले गर्दा रियल स्टेटको मार्केट अझै खुम्चिंदै जाने स्थिति छ । अहिलेको आर्थिक संकुचन कोभिड, युक्रेन वार या डलर सञ्चितिसँग मात्रै सम्बन्धित छैन । यहाँ हाम्रो नेतृत्वलाई जनसंख्या भनेको बजार हो, जनसंख्या घट्दा बजार घट्छ भन्नेसम्म ख्याल नभएको प्रतीत हुन्छ । राज्यको गलत शिक्षा नीतिका कारण नयाँ पुस्तामा आफ्नो संस्कृतिप्रति आत्मविश्वास छैन, जुन कुरा व्यक्तिसँगै समाजको विकासका निम्ति अपरिहार्य छ । वैश्विक इस्यूमा हामीले स्थानीय समाधान खोज्नुपर्नेछ तर यस्तो बेलामा हाम्रो स्थिति नाजुक छ । राज्यका अवयवहरू धरासायी छन् । पहिलो त नीतिगत तहमा नै भ्रष्टाचार छ । अर्को कुरा सही नीति निर्माण भयो भने पनि कार्यान्वयन गर्ने निकायहरू मक्किएका छन् । हाम्रो देशले के नीति बनाउँछ भन्दा पनि, बाहिरकोले बनाउने रणनीति तथा नीतिको लयमा हामी बगिरहेका छौं । यदि युरोप, अमेरिका जस्ता देशले भिसा सहज गर्दिने हो भने नयाँ पुस्ताका केटाकेटी, अपवाद बाहेक धेरै नागरिक देशमा बस्नेवाला छैनन् । राज्यका डेलिभरी गर्ने निकाय समयानुकूल छैनन्, उदाहरणको लागि, तपाईं यातायात कार्यालय छिर्नुभयो भने आजको जस्तो सूचनाप्रविधिको जमानामा एउटा कोठाबाट अर्को कोठामा अर्कोबाट अर्को भनेर नै द्विविधामा पार्ने र बिचौलियाको पछि लाग्नुपर्ने स्थिति सिर्जना गरिदिने परिपाटी छ । यस्तो अवस्था सरकारी निकायका अधिकांश क्षेत्रमा छ । यो सानो विषय जस्तो लाग्ला तर यसले नयाँ पुस्ताका केटाकेटीलाई सरकारी कार्यालयप्रति नकारात्मक भावना पैदा गर्छ र जो कोही सरकारी काम भनेपछि नाक खुम्चाउने परिस्थिति छ ।

**सूचना प्रविधि र विश्वव्यापीकरणको प्रभाव**

नयाँ पुस्ता सूचनाप्रविधिको विषयमा धेरै अगाडि छ उनीहरूले खोजेको विषय र अपडेटेड कोर्सहरू हामीसँग छैनन् । सामाजिक सञ्जाल र इन्टरनेटको उपलब्धताले खोज र सिकाइको दायरा फराकिलो बनाएको छ । नयाँ पुस्ताका केटाकेटीको माग धान्न सक्ने क्षेत्रहरू हाम्रो देशमा विकास हुनसकेका छैनन् । अहिलेको परिवर्तनको गति रकेटको स्पिडमा छ, यस्तोमा हाम्रो गति नगन्य छ । विगतमा १० हजार वर्षमा भएको परिवर्तन पछिल्लो हजार वर्षमा र त्यो हजार वर्षको परिवर्तन पछिल्लो १०० वर्षमा हुँदै १० वर्षमा र हाल सूचनाप्रविधिमा भएको विकास आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को मद्दतले एकै वर्षमा चामत्कारिक परिवर्तन ल्याउँदैछ । प्लस टुपछिको पढाइ सर्टिफिकेट मार्कसिट भन्दा पनि सीप, त्यसको प्रयोग अनुसन्धानमा आधारित हुनु आवश्यक छ । पढाइ सकिएपछि कामको सिलसिलामा चाहिने सीप र दक्षता हो न कि सर्टिफिकेट । हाम्रो शिक्षा प्रणालीले सर्टिफिकेट पछाडि दौडाएको छ जुन एक हदसम्म सही भए पनि समयानुकूल छैन । आजको जस्तो विश्वव्यापीकरणको जमानामा व्यक्तिलाई देशभित्र सीमित गर्छु भन्नु युक्तिसंगत हुँदैन तर देश रित्तिने अवस्था सिर्जना हुनु र नेपाली या विदेशी जो-कोहीलाई पनि नेपालमा यो कुरा राम्रो छ त्यसको लागि नेपाल गन्तव्य हुनसक्छ भनेर प्राथमिकतामा नपर्नुलाई राम्रो मान्न सकिंदैन । छिमेकी बङ्गलादेश गार्मेन्टमा विश्वकै अग्रणी भएको छ, ताइवानलाई देश नमाने पनि चिप्स र सूचनाप्रविधिको कारण वैश्विक महत्त्व छ । दुवै मरूभूमिबाट पर्यटकीय गन्तव्य तथा शैक्षिक हबको रूपमा विकसित हुँदैछन् ।

**अब समाधान के त ?**

देशका महत्त्वपूर्ण इसुहरूको हल केवल राज्यले मात्रै दिन सक्छ जसको लागि भिजन दूरदृष्टि भएको नेतृत्व चाहिन्छ, जसलाई ठिकठाक चलिरहेको भन्ने छ, उसले समस्या नै बुझ्दैन । ३०औं वर्षसम्म पेशेवर राजनीति गर्नेले पहिला आफ्नो पद, प्रतिष्ठा र पैसा खोज्छ न कि राज्यका समस्या र त्यसको समाधान । यहाँ व्यवस्था परिवर्तनलाई राजनीतिक मुद्दा बनाएकाहरूले नै सोही व्यवस्थालाई दुर्गन्धित पारिरहेका छन् । व्यवस्थाको सफलता भन्ने कुरा त्यसले निर्माण गर्ने नयाँ र सक्षम नेतृत्वसँग जोडिएको हुन्छ । केही नयाँ दलहरू संसदमा आए पनि आजका सवालहरू के हुन् ? ग्लोबल ट्रेन्ड के छ ? हाम्रो स्थिति कस्तो छ, आजका समस्या के हुन् भन्नेबारे पर्याप्त गृहकार्य नभएको तथा सोही अनुसार संसदमा प्रस्तुत हुन नसकेको जस्तो देखिन्छ । अबका दशकभित्र पनि हामी सुध्रिएनौं, नेतृत्वले सकारात्मक कदम चालेन, सो अनुसारको नेतृत्व निर्माण भएन भने थुप्रै सम्भावनाका बावजुद पनि नेपाल भन्ने एउटा देश थियो जहाँ एक जना पनि नेपाली बस्दैनन् भन्ने स्थिति आउन सक्छ !

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला, तर प्रेम सम्बन्धमा मधुरता छाउनेछ। | **तुला** : नयाँ र शुभकार्यको योग छ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **वृष** : नयाँ कार्यको योजना बन्नेछ । आँटेको काम सफल हुनेछ । | **वृश्चिक** : रमणीय र सुखद् यात्राको योग छ । मनोरञ्जनमा सहभागी भइएला । |
| **मिथुन** : महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ, तर व्यवसायबाट विशेष लाभ रहनेछ । | **धनु** : कार्यमा समस्या आउला, तर आत्मबल बढाएर काम गरेमा सफल भइनेछ । |
| **कर्कट** : कीर्तिमानी काम गर्ने समय छ । चलाखीपूर्ण बोलीले काम सफल हुनेछ । | **मकर** : समस्या सुल्झाउन सकिनेछ । शुभचिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन्। |
| **सिंह** : शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । | **कुम्भ** : शुभकार्यको योग छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कन्या** : नयाँ जिम्मेवारी पाइएला । घरमा अतिथिको आगमन हुनेछ । | **मीन** : वित्तिय संस्थाबाट सहयोग मिल्नेछ। स्वादिष्ट भोजन पनि मिल्नेछ। |




# गुगलले यस्ता खाता सधैंका लागि डिलिट गर्दै




गुगलले आफ्ना प्रयोगकर्ताका लागि एउटा जानकारी साझा गरेको छ । यसै वर्षको मे महिनामा कम्पनीले ३१ डिसेम्बरबाट लामो समयदेखि प्रयोगमा नआएका अकाउन्टलाई डिलिट गर्ने बताएको थियो । कम्पनीले यस्तो अकाउन्ट ह्याक हुने खतरा अत्यधिक रहने बताएको छ । यदि कसैले दुई वर्ष अघि गुगल अकाउन्ट बनाएको छ तर त्यो प्रयोगमा आएको छैन भने कम्पनीले सुरुमा जानकारी दिनेछ र त्यसपछि डिलिट गर्नेछ ।

कम्पनीले यस्ता अकाउन्ट भएका प्रयोगकर्तालाई इमेल पठाइरहेको छ जसमा गुगलले ग्राहकलाई चेतावनी दिँदै सन् २०२३ को डिसेम्बर १ देखि निष्क्रिय खातालाई डिलिट गर्न सुरु गर्नेछ । गुगलले भनेको छ, ‘यदि तपाईंको खाता निष्क्रिय मानिन्छ भने हामी कुनै पनि कारवाही गर्न वा कुनै पनि अकाउन्टको सामग्री हटाउनुभन्दा अघि तपाईं र तपाईंको रिकभरी इमेल (यदि तपाईंले दिनुभएको छ भने) दुबैलाई थुप्रै रिमाइन्डर इमेल पठाउनेछौँ ।’

**कसरी सक्रिय राख्ने खाता**

गुगल खातालाई सक्रिय राख्ने सबैभन्दा सजिलो तरिका यसलाई हरेक दुई वर्षमा कम्तीमा एकपटक लगइन गर्नु हो । यदि तपाईंले पछिल्लो दुई वर्षभित्र आफ्नो गुगल एक्सेस गर्नुभएको छ भने यसलाई एक्टिभ मानिनेछ र हटाइने छैन । यसबाहेक खाता सक्रिय राख्नका लागि इमेल पढ्ने वा पठाउने, गुगल ड्राइभ प्रयोग गर्ने, पले स्टोरबाट एप्स डाउनलोड गर्ने, गुगल सर्चको प्रयोग गर्ने र लग अन गरिरहेका बेला युट्युब हेर्ने, फोटो सेयर गर्ने लगायतका क्रियाकलाप गर्न सक्नुहुन्छ । गुगलका प्रडक्ट म्यानेजमेन्टकी ग्लोबल उपाध्यक्ष क्रिचेलीले भनिन्, ‘बिर्सिएका वा प्रयोग नगरिएका खाताहरू प्राय: पुरानो वा पुन: प्रयोग गरिएका पासवर्डमा निर्भर हुने भएकोले ह्याकरले यसमा छेडछाड गरिसकेको हुनसक्छ । यसबाहेक निष्क्रिय खाताले टु-फ्याक्टर अथेन्टिकेसन पनि सेट अप गरेको हुँदैन । यसले प्रयोगकर्ताको सुरक्षामा खतरा रहन्छ ।’

*-रातोपाटी डटकम*

# गुगल, फेसबुक, माइक्रोसफ्ट लगायत छ कम्पनी नेपालको कर प्रणालीमा दर्ता




सूचना प्रविधि र डिजिटल सेवाका क्षेत्रमा काम गरिरहेका गुगल, फेसबुक र माइक्रोसफ्ट लगायतका छवटा अन्तर्राष्ट्रिय कम्पनी नेपालको कर प्रणालीमा दर्ता भएका छन् । नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने विदेशी कम्पनीलाई करको दायरामा ल्याउन चालु आर्थिक वर्षको आर्थिक ऐनमार्फत सरकारले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी व्यवस्था गरेको थियो । सोही व्यवस्थाअनुसार हालसम्म छवटा विदेशी कम्पनी दर्ता हुन आएको ठूला करदाता कार्यालयका कर अधिकृत साधुराम पुडासैनीले जानकारी दिए । विद्युतीय सेवा कर तिर्ने कम्पनी ठूला करदाता कार्यालयमा दर्ता भइरहेका छन् । यस्ता कम्पनीलाई करको दायरामा ल्याउन सरकारले कानुन बनाएको भएपनि अधिकांश कम्पनी भने अझै कर प्रणाली बाहिर छन् ।

ठूला करदाता कार्यालयका अनुसार सिङ्गापुरमा कार्यालय रहेका तीनवटा कम्पनी गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड, माइक्रोसफ्ट रिजनल सेल्स प्राइभेट लिमिटेड र लिङ्गडइन सिङगापुर प्राइभेट लिमिटेड दर्ता भएका छन् । त्यस्तै, संयुक्त राज्य अमेरिकाको ब्लुमिङ्टन ठेगाना राखिएको एनसीएस पिअर्सन इन्कर्पोरेसन र वेल्मिङ्गटन काउन्टी अफ न्यू क्यासल ठेगाना भएको इब्स्को इन्टरनेसनल इन्कर्पोरेस पनि ठूला करदाता कार्यालयमा दर्ता भएका हुन् । डब्लिन आयरल्यान्ड ठेगाना भएको मेटा प्लाटफर्म्र्स आयरल्यान्ड लिमिटेड पनि नेपालमा दर्ता भएको छ । हालसम्म नेपालमा दर्ता भएका कम्पनीमध्ये गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड विश्वको सबैभन्दा ठूलो सर्च इन्जिनमध्येको एक गुगलको माउ कम्पनी हो । त्यस्तै सामाजिक सञ्जाल फेसबुक (इन्स्टाग्राम र ह्वाट्सएपसमेत) र लिङ्गडइन पनि दर्ता भएका छन् । दर्ता भएका अरु कम्पनीमध्ये एनसीएस पिअर्सन इन्कर्पोरेसनले विभिन्न खालका मोबाइल एप्लिकेसन बनाउने गर्छ भने इब्स्को इकर्पोरेसनले रिसर्च प्लेटफर्म र डाटाबेस व्यवस्थापनसँग सम्बन्धित कम्पनी हो । माइक्रोसफ्ट पनि सफ्टवेयर निर्माण र सूचना प्रविधिका क्षेत्रा विश्वकै ठूलो कम्पनीमध्ये एक हो । चालु आर्थिक वर्षको आर्थिक ऐनले ‘गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर लगाइ असुल गरिनेछ’ भनी व्यवस्था गरेको थियो । वार्षिक रु २० लाखसम्मको कारोबारमा भने यस्तो कर नलाग्ने व्यवस्था आर्थिक ऐनमा राखिएको छ । ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्ष अनुसार आृनो कारोबारको विवरण तथा कर दाखिला गर्नुपर्छ तर ठूला करदाता कार्यालयमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आबद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट छैन । करदाता कार्यालय दर्ता भइसकेका विदेशी कम्पनीले कर नतिरेमा कारबाहीको व्यवस्था गरिएको भए पनि दर्ता नै नभएका कम्पनीलाई कस्तो कारबाही हुने भन्ने प्रस्ट छैन । नेपालमा सेवा दिइरहेका सबै सूचना प्रविधि क्षेत्रका लागि यस्तो कर प्रणाली बाध्यकारी हुन नसक्दा अधिकांश कम्पनी कर प्रणालीभन्दा बाहिरै रहेको देखिन्छ ।

चालु आर्थिक वर्षको आर्थिक ऐनले तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम शूल्क लाग्ने र कर तिर्नुपर्ने तोकिएको मितिभित्र कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ । यसरी दाखिला गर्नुपर्ने कर रकम कम दाखिला गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवाना समेत लाग्नेछ भनी व्यवस्था गरिएको छ तर विदेशमा सेवा दिइरहेका कम्पनीले नेपालमा कर तिर्नका लागि अनिवार्य रुपमा दर्ता हुनुपर्ने व्यवस्था आर्थिक ऐनमा भने कहीँ पनि राखिएको देखिँदैन । नेपालभित्र सेवा दिइरहेका सामाजिक सञ्जाललगायत डिजिटल कारोबार गर्ने कम्पनीलाई करको दायरामा ल्याउन नसक्दा ठूलो परिमाणमा राजस्व गुमिरहेको सरकारी अध्ययनले समेत देखाएका छन् । मन्त्रिपरिषद्को गत असोज ११ को निर्णयबाट खारेज भएको नेपाल राजस्व परामर्श समितिले तयार पारेको ‘राजस्व दायरा वृद्धिका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन, २०७९’ले पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालमार्फत हुने विज्ञापनबाट मात्रै ठूलो रकम बाहिरी रहेको उल्लेख गरेको छ । “नेपालमा कानुनीरुपमा दर्ता नभएका सामाजिक सञ्जालमा विज्ञापन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ । त्यस्ता सामाजिक सञ्जालले वार्षिक अर्बौं रुपैयाँ नेपालबाट विदेशतर्फ लगिरहेका छन्”, प्रतिवेदनमा भनिएको छ । राजस्व परामर्श समितिको प्रतिवेदनले डाटा पोर्टल डट कमको तथ्याङ्कलाई उद्धृत गर्दै सन् २०२२ सम्ममा नेपालमा फेसबुकका एक करोड ३३ लाख प्रयोगकर्ता रहेको उल्लेख गरेको छ । “बजारसम्बन्धी अनुसन्धान गर्ने कम्पनी स्टाटिस्टाकाका अनुसार फेसबुकको प्रतिविज्ञापनकर्ता विज्ञापन आम्दानी सन् २०२१ मा ४० दशमलव ९६ अमेरिकी डलर पुगेको छ । सो आय सन् २०२० मा ३२ दशमलव ०३ अमेरिकी डलर बराबर थियो”, राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, “यस प्रकारले हेर्दा नेपाली प्रयोगकर्ताले विज्ञापन हेरेबापत फेसबुकले वार्षिक ६० अर्बभन्दा बढी रकम आय गर्दै आइरहेको छ ।” *-रासस*

# के हो आर्टिफिसियल इन्टेलिजेन्स ? हाम्रो बारेमा कसरी जान्दछ यति धेरै कुरा ?



के तपाईंले आर्टिफिसियल इन्टेलिजेन्सका बारेमा बुझ्नुभएको छ ? पछिल्लो ६ महिनायता च्याट जीपीटीजस्ता च्याटबट तथा मिडजर्नी जस्ता तस्वीर सिर्जना गर्ने (इमेज जेनेरेटर) प्लाटफर्मको प्रयोग निकै बढेको छ । तथापि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) वा मेसिन लर्निंग मोडेलमा निकै लामो समयदेखि काम हुँदै आएको थियो ।

**एआईले कसरी यतिधेरै कुरा जान्दछ ?**

सबै प्रकारका मेसिन लर्निंग प्रक्रियामा प्रशिक्षण एक महत्वपूर्ण प्रक्रिया हो । जसमा कुनै कम्प्युटर प्रोग्राममा भारी मात्रामा डेटाहरुलाई एकत्रित गरिन्छ र ती डेटाहरु के बारेमा हुन् भन्ने बताउनका लागि निर्देश अनुसारको सेटबाट लेबल गरिन्छ । उदाहरणका लागि ती निर्देशहरु यस्ता हुनसक्छन् जस्तै, अनुहारयुक्त सबै तस्वीर खोज्नुहोस् वा यी आवाजहरुलाई वर्गीकृत गर्नुहोस् । त्यसपछि प्रोग्रामले दिइएको काम पूरा गर्नका लागि उपलब्ध जानकारीको ढाँचा खोज्दछ । कुनै नतिजासम्म पुग्नका लागि केही संकेत अर्थात् क्लू को आवश्यकता पर्नसक्छ । जस्तै, यो कुनै अनुहार होइन वा यी दुई आवाज नितान्त फरक छन् । तर प्रोग्रामले डेटाहरुबाट जुन जानकारी जुटाउँछ वा जुन क्लू उसलाई दिइएको हुन्छ ती सबैलाई जम्मा पारेर एउटा एआई मोडेल बनाउँछ । उक्त मोडेलको क्षमता निर्धारण गरेपछि प्रशिक्षणको प्रक्रिया सकिन्छ ।

प्रशिक्षण प्रक्रियाको माध्यमबाट कसरी विभिन्न प्रकारका एआई मोडेल तयार हुनसक्छन् भन्ने कुरा बुझ्नका लागि विभिन्न जनावेहरुको उदाहरण लिन सकिन्छ । लाखौं वर्षको यात्रामा प्रकृतिको सहयोगमा जनावरहरुमा विशिष्ट खालका क्षमताहरु विकसित भएका हुन्छन् । ठीक त्यहीं प्रकारले एउटा एआई मोडेलले आफ्नो आफ्नो प्रशिक्षण डेटाको सहयोगबाट लाखौं प्रकारका यस्ता चिजहरु बनाउन सक्दछ । मोडेलले जतिपटक प्रशिक्षण चक्र पूरा गर्दछ त्यति नै विकसित हुन्छ र अद्वितीय एआई मोडेल बन्दै जान्छ ।

**च्याटबट के हो ?**

वास्तवमा च्याटबट सुगाजस्तै हुन्छन् । सुगाले हाम्रो नक्कल गर्न सक्दछ र पूरै सन्दर्भ नबुझिकनै शब्दहरुलाई धेरथोर बुझेरै भए पनि दोहोराउन सक्दछ । च्याबटले पनि यस्तै गर्दछ तथापि त्यसभन्दा केही बढि बुझाइका साथ । च्याटबट लिखित शब्दहरुका साथ हाम्रा सम्बन्धहरुलाई नै परिवर्तन गरिदिन स्तरसम्म विकसित भैसकेको छ । आखिर च्याटबटले कुनै कुरा लेख्न कसरी जान्दछ ? वास्तवमा च्याटबट एआईकै एउटा प्रकार हो जसलाई ठूलो भाषा मोडेल (एलएलएम) को रुपमा बुझिन्छ । च्याटबटलाई भारी मात्रामा अक्षर सामग्रीहरुबाट प्रशिक्षित गरिएको हुन्छ ।

यस्तो मोडेल केवल शब्दहरुमा मात्र नभइ वाक्यमै पनि विचार गर्न सक्षम हुनछ । यसका अलावा च्याटबटले आफ्ना सबै प्रशिक्षण डेटामा अन्य उदाहरणका साथै कुनै अनुच्छेदमा शब्द तथा वाक्यांशको व्याख्या पनि गर्न सक्दछ । अरबौं शब्द तथा वाक्यांशको तुलनात्मक अध्ययनको आधारमा उक्त एआई मोडेलले कुनै प्रश्नलाई पढेर त्यसको जवाफ दिन सक्षम हुन्छ । यहीं प्रविधिको आधारमा फोनले आफैं टेक्स्ट मेसेजको जवाफ दिन सक्छ । एआई मोडेलले सोही काम व्यापक परिमाणमा गर्न सक्दछ । ठूलो संख्यामा रहेका भाषाहरुका मोडेलको खास विशेषता भनेको उनीहरुले कुनै पनि मानवीय सहायताबिना नै व्याकरणका नियम सिकिरहेका छन् र शब्द वा वाक्यांशको अर्थसमेत निकालिरहेका छन् ।

**के हामी एआईसँग कुरा गर्न सक्छौं ?**

यदि तपाईं एलेक्सा, सिरी वा आवाज पहिचान गर्ने यस्तै अन्य कुनै सिस्टम चलाउने गर्नुहुन्छ भने तपाईंले यसमा एआईको प्रयोग गरिरहनु भएको हुन्छ । खरायोलाई सम्झिनुहोस् र उसको कान हेर्नुहोस् । यस्तो लाग्छ कि खरायोको कान सानोभन्दा सानो आवाज सुन्नका लागि डिजाइन गरिएको जस्तो लाग्छ । जब तपाईंले बोल्नुहुन्छ एआईले आवाज रेकर्ड गर्दछ र त्यसको पृष्ठभूमिको आवाजलाई हटाउँदछ । त्यसपछि उसले तपाईंको आवाजलाई फोनेटिक इकाइमा परिवर्तन गर्छ र त्यसको सम्बन्धित भाषाको आवाजहरुको लाइब्रेरीसँग मिलान गर्दछ । अनि एआईले तपाईंको आवाजलाई टेक्स्ट अर्थात् अक्षरमा परिणत गर्दछ ताकि जवाफ दिनुभन्दा पहिले सुन्नमा भएको कुनै गल्तीलाई हटाउन सकियोस् । यो प्रकारको आर्टिफिसियल इन्टेलिजेन्सलाई स्वभाविक भाषाहरुको प्रक्रिया भनिन्छ । फोन बैंकिङमा लेनदेनलाई पुष्टि गर्नका लागि हुन्छ भनेर बोल्नेदेखि लिएर आफू जान लागेको ठाउँको केही दिनपछि सम्मको मौसमको जानकारी लिने सम्मका अनेक प्रक्रियाहरुमा यहीं प्रविधिले काम गरिरहेको हुन्छ ।

**के एआईले तस्वीर पहिचान गर्न सक्दछ ?**

के तपाईंले आफ्नो फोनमा खिचेका तस्वीरहरु फोन आफैले विभिन्न प्रासंगिक नामका फोल्डरहरु बनाएर त्यसभित्र राखिदिने काम गर्दछ ? यदि त्यस्तो भएको छ भने तपाइँले आफ्नै जानकारी बिना नै एआईको प्रयोग गरिरहनुभएको छ । यस्तो प्रोग्रामलाई निकै ठूलो संख्यामा तस्वीरहरु देखाएपश्चात् प्रशिक्षित गरिएको हुन्छ र यी तस्वीरसँग केही विवरणहरु रहेका हुन्छन् ।

यदि तपाईंले साइकलको लेबलयुक्त धेरै तस्वीरहरु दिएर एआईलाई तस्वीर पहिचान गर्न लगाउनुभयो भने प्रोग्रामलाई साइकल कस्तो देखिन्छ भन्ने कुरा थाहा हुन्छ र उसले कुनै डुंगा वा कारलाई साइकलबाट अलग गर्नमा सक्षम हुन्छ । कहिलेकाहीँ एउटै जस्तो देखिने तस्वीरहरुमा पनि सूक्ष्म भिन्नता छुट्टाउनका लागि एआईलाई प्रशिक्षित गरिएको हुन्छ । यसै प्रकारले अनुहार पहिचान गर्ने प्रविधिले काम गर्दछ । कुनै पनि मानिसको अनुहार वा अनुहारको मुद्रा विशिष्ट खालको हुन्छ । एउटा व्यक्तिसँग अर्को व्यक्तिको अनुहारमा केही न केही फरक अवश्य हुन्छ । त्यसैले एआई प्रोग्रामले कुनैपनि व्यक्तिको अनुहारको विशेषताहरुलाई पहिचान गर्न सक्षम हुनेछ । यस्तो खालको एल्गोरिदमको प्रयोग गरेर एआईले मेडिकल स्क्यानलाई बुझ्न सहयोग गर्दछ । यो प्रोग्रामले एकै समयमा हजारौं स्क्यान हेरेर सरीरलाई क्षति पुराउने खालका ट्युमरको पहिचान गर्न सक्दछ र त्यसको निदान बताउन सक्दछ जसरी कुनै विज्ञ डाक्टरले एउटा स्क्यान हेरेर बताउँछ ।

**तपाईंको बारेमा एआईले के के जान्दछ ?**

कतिपय एआई मोडेलहरु केवल संख्यामा खेल्दछन् । उनीहरुले भारी मात्रामा डेटाहरु जम्मा गर्दछन् र त्यसको सांख्यिकीय जानकारीको आधारमा सिर्जित सूचनाहरु निकै महत्वपूर्ण हुन्छन् । अनलाइन प्लाटफर्महरुमा तपाईंले जुन खालका सामाजिक तथा आर्थिक सक्रियता देखाउनुहुन्छ त्यसको आधारमा एआई मोडेलले तपाईंको प्रोफाइल तयार गर्दछ र त्यहीं आधारमा तपाइँको व्यवहारको आँकलन गर्न सम्भव हुन्छ । तपाईंले के खरिद गर्नुहुन्छ ? तपाईंलाई के मन पर्दछ ? तपाईंको आनीबानी कस्तो छ भन्ने लगायतका कुराहरु तपाईंले कार्ड वा अनलाइनबाट गर्ने किनमेलबाटै ट्र्याक गर्न सकिन्छ ।

नेट्फिलिक्स तथा अमेजन जस्ता प्लाटर्फमहरुले आफ्ना प्रयोगकर्ताले अघिल्लो रात कतिघण्टा प्लाटर्फममा बिताए र कुन सामग्रीहरु हेरे भन्ने कुरा ट्र्याक गर्दछन् । यदि तपाईंले कुनै भिडियोमा कमेन्ट गर्नुभयो भने तपाईंको सोसल मिडिया अकाउन्टलाई त्यसबारेमा थाहा हुन्छ । हरेक इन्टरनेट प्रयोगकर्ताको हकमा यस्तै भैरहेको हुन्छ । यसबाट एआईले मोडेललाई भारी मात्रामा डेटा प्राप्त हुन्छ र त्यसबाट सामाजिक रुझान कस्तो छ भन्ने कुरा पनि पत्ता लगाउन सकिन्छ । यो एआई मोडेलले हाम्रो जीवनमै प्रभाव पार्न थालेको छ । एआई मोडेलले नै तपाईंले कुनै ऋण लिन उपयुक्त छ कि छैन भनेर समेत बताउन सक्छ । तपाईंले गर्ने खरिदलाई पनि यसले प्रभावित गरिरहेको हुन्छ किनकि हामीले इन्टरनेट प्लाटर्फमहरुमा एआई मोडेलले छानेका विज्ञापनहरु देखिरहेका हुन्छौं र त्यहीं अनुसार आफ्नो सपिङको व्यवहार पनि बदल्छौं ।

*-अनलाइन खबर डटकम*

# ढुंगा खसेर जिप च्यापिदा तीन घाइते



**पाल्पा,** साउन २२/पाल्पाको तिनाउ गाउँपालिका-३ हेडबक्स नजिकै सिद्धार्थ राजमार्गमा सडक माथिबाट खसेको ढुंगाले जिप च्यापिदा तीन जना घाइते भएका छन् । सोमबार बिहान ढुंगा खस्दा बुटवलबाट पाल्पातर्फ आउँदै गरेको लु २ च २८४९ नम्बरको सिंगल क्याप पिकप बलेरो जिपलाई च्यापेको थियो । जिप च्यापिदा गाडीमा सवार तीन जना घाइते भएका हुन् ।

घाइते हुनेमा चालक नवलपरासी पूर्व विनयी त्रिवेणी गाउँपालिका -७ का ३२ वर्षीय विवेक कार्की, जिपमा सवार तानसेन नगरपालिका-१४, अर्गलीका ४० वर्षीय दिलीप न्यौपाने, रुपन्देहीको सुद्धोधन गाउँपालिका-४ का २४ वर्षीय चन्दन कार्की रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए । घाइते मध्ये दिलीप, चन्दनको अवस्था मध्यम र चालक विवेकको सामन्य रहेको प्रहरीले जनाएको छ । घाइते तीनै जनालाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पठाइएको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# रकम नपाएपछि मिसनले...

...छलफलमा अस्पतालले सहमति जनाए पछि सेवा स्थगित गरेको प्रति राजनीति दल र सांसदहरुले आपत्ति जनाएका छन् । अस्पतालले भने छलफलमा आफुहरुले सेवा स्थगन गर्ने कुनै पनि निर्णय नगरेको बताएको छ । पाल्पा क्षेत्र नं. २ प्रतिनिधीसभा सदस्य ठाकुरप्रसाद गैरेले मिसन अस्पतालले कानुन विपरित एकतर्फी रुपमा सरकारसँग गरेको सम्झौता तोडी विरामीको उपचार सेवामा बेवास्ता गरेको आरोप लगाएका छन् । राज्यको कानुन भन्दा कोही पनि माथि नभएकाले मिसन अस्पतालले तोडेको एकतर्फी सम्झौता पुनः कार्यान्वयन गर्नेमा आफुहरु अझै पनि आशावादी रहेको सांसद गैरेले बताए । पाल्पा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य नारायणप्रसाद आचार्यले सरकार, जनता, जनप्रतिनिधीहरुको सर्वव्यापी अनुरोधलाई अस्पतालले लत्याएको बताए । लुम्बिनी प्रदेशका सांसद वीरबहादुर रानाले सरकारले जनताको सहजताका लागि बिमा उपचार सेवा ल्याएकाले सेवा पाउनु उनीहरुको संवैधानिक अधिकार भएको बताए । कानुनी राज्यमा हरेक पक्षले कानुनलाई शिरोधार्य गरेर काम गर्नुपर्ने सांसद रानाले बताए । पाल्पाका ८५ प्रतिशत जनताले स्वास्थ्य बिमा गरेका छन् । पाल्पा स्वास्थ्य बिमा गर्ने देशभरिकै नमुना जिल्लामा पर्दछ । पाल्पामा २ वटा सरकारी अस्पताल, २ वटा प्राथमिक उपचार केन्द्रमा, दरवन्दी अनुसारको चिकित्सक, विशेषज्ञ सेवा, प्रयोगशाला सेवा तथा आवश्यक उपकरण नहुँदा स्वास्थ्य बिमाका विरामीहरु रिफर बोकेर मिसन अस्पताल जान बाध्य भएका छन् । स्वास्थ्य बिमा बोर्डले सरकारी अस्पताललाई व्यस्थित, सुरक्षित र भरपर्दो उपचार केन्द्रको रुपमा विकास गर्ने लक्ष्यका साथ सेवा सुरु गरेपनि सरकारबाट सरकारी अस्पताल सुधारमा ध्यान नदिएको आम जनताको गुनासो छ ।

# पाल्पामा डेंगीबाट एक...

...मांसपेशी र हड्डीमा निकै पीडा हुने भएकाले यसलाई ब्रेक बोन वा लोकभाषामा 'हाडतोड ज्वरो' भनिन्छ ।

डेंगी रोग तीन दिनमै कम हुँदै जाने भएकाले यसलाई तीन दिने ज्वरो पनि भन्ने गरिन्छ । डेंगी ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ । डेंगी लागेमा मानिसको रक्तकोष घट्न गई रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउँछ । फलस्वरुप मानिसहरु सिकिस्त हुने गर्छन् ।

**रोकथाम**

डेंगीको खोप विकसित देशमा उपलब्ध भएपनि हामीकहाँ छैन । डेंगु सार्ने प्रमुख कारण संक्रमित लामखुट्टेको टोकाइ भएकाले, त्यसबाट जोगिनु र लामखुट्टेको निर्मुल गर्नु नै रोकथाम हो ।


**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

**साधारण तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

**सरकारी तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

**डिस्प्ले**

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

**अन्य**

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

# मोहमद सलाह लिभरपुलमै प्रतिबद्ध



**काठमाडौं,** साउन २२/लिभरपुलका फरवार्ड मोहमद सलाह साउदी अरेबिया जाने हल्ला चलिरहेका बेला उनका एजेन्टले उनी इंग्लिस क्लबमै प्रतिबद्ध रहेको बताएका छन् ।

साउदी समाचारपत्रले सलाहलाई अल इत्तेहाद क्लबले ठूलो रकम प्रस्ताव गरेको दाबी गरेको थियो । जसमा सलाहलाई १५ करोड ५० लाख पाउण्ड बराबरको रकममा दुई वर्षको सम्झौताका लागि प्रस्ताव गरिएको उल्लेख छ । ३१ वर्षीय सलाहले गत समरमा लिभरपुलसँग तीन वर्षको नयाँ सम्झौता गरेका थिए । उनको सम्झौता जुन २०२५ सम्म छ । 'मोहमद लिभरपलुमै प्रतिबद्ध छन्', सलाहका एजेन्ट रामी अब्बासले सामाजिक सञ्जालमा पोष्ट गरेका छन्, 'यही हामीले लिभरपुल छाड्ने सोचिरहेको भए गत समरमा सम्झौता नवीकरण नै गर्ने थिएनौँ ।' लिभरपुलका मिडफिल्डर फाबिन्हो र जोर्डन हेन्डरसन इंग्ल्याण्ड छाडेर अल इत्तेहाद र एल इत्तिफाक पुगिसकेका छन् ।

यस्तै लिभरपुल छाडेका रोबर्टो फिर्मिनो पनि अल अहली पुगेका छन् । लिभरपुलसँग सम्झौता सकिएपछि उनीहरु सम्झौता नवीकरण नगरी साउदी क्लब लागेका हुन् । २०१७ मा इटालियन क्लब रोमाबाट लिभरपुल पुगेका सलाहले त्यहाँ ३०५ खेलमा १८६ गोल गरेका छन् । इजिप्टका खेलाडी सलाहले लिभरपुलबाट च्याम्पियन्स लिग, प्रिमियर लिग, एफए कप, लिग कप, फिफा क्लब विश्वकप र युइएफए सुपर कप जितेका छन् । उनले तीन पटक प्रिमियर लिग गोल्डेन बुट समेत जितेका छन् ।


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# दोस्रो दिन पनि घट्यो नेप्से परिसूचक



**पाल्पा,** साउन २२/यो साता कारोबारको पहिलो दिन आइतबार उच्च अंकले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार दोस्रो दिन पनि घटेको छ । नेप्से परिसूचक तीन दशमलव २१ अंकले घटेर दुई हजार ४८ दशमलव २६ को बिन्दुमा कायम भएको हो ।

दुई सय ६७ कम्पनीको ६६ लाख ४७ हजार एक सय ४३ कित्ता शेयर एक लाख एक हजार दुई सय ३६ पटक खरिद बिक्री हुँदा दुई अर्ब ३३ करोड ३५ लाख ७३ हजार दुई सय ९७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । बैंकिङ, जलविद्युत, लगानी र अन्य समूहको उपसूचक घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । बैंकिङ समूह १२ दशमलव १९, जलविद्युत सात दशमलव ३४, लगानी शून्य दशमलव ०३ र अन्य समूह पाँच दशमलव ५७ अंकले घटेको हो । उपसूचक बढ्नेमा सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक ७६ दशमलव ४६ र जीवन बीमा समूहको उपसूचक ६० दशमलव १४ अंकले बढेको छ । विकास बैंक ५३ दशमलव ५६, वित्त २८ दशमलव ८७, उत्पादन तथा प्रशोधन चार दशमलव १५, लघुवित्त ११ दशमलव १ र म्युचुअल फन्ड समूह शून्य दशमलव १ अंकले बढेको छ । त्यस्तै, निर्जीवन बीमा समूह सात दशमलव ७३ र व्यापार २७ दशमलव १५ अंकले बढेको नेप्सेले जनाएको छ । नेपाल रिपब्लिक मिडिया लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ । धेरै घट्नेमा भने छ्याङ्दी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य छ दशमलव ४५ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सोमबार सबैभन्दा धेरै आइएमइ लाइफ इन्स्योरेन्स कम्पनीको ४३ करोड ६२ लाख ५९ हजार तीन सय ४८ बराबरको सात लाख एक हजार आठ सय तीन कित्ता शेयर किनबेच भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई